नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राष्ट्रिय तथ्याङ्क कार्यालय

प.सं.: ०८२/८३ मिति: २०८२/११/१९

च.नं.: ९१४

श्री कटहरी गाउँपालिका
मोरङ।

**विषयः आवश्यक सहजीकरण तथा सहयोग गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपालमा दोस्रो राष्ट्रिय आर्थिक गणना यसै आ.व. २०८२/८३ मा सञ्चालन हुँदैछ। यो गणना जनगणना, कृषिगणना जस्तै आवधिक रूपमा सम्पन्न गरिने देशव्यापी कार्यक्रम हो। नेपालभर संचालनमा रहेका आर्थिक एकाइ वा प्रतिष्ठान/व्यवसायमा निश्चित समयावधिभित्र पुगी विवरण सङ्कलन गर्नु आर्थिक गणनाको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। प्रतिष्ठान/व्यवसायको विद्यमान सङ्ख्या, अर्थतन्त्रका क्षेत्रगत संरचना, आकार र वितरणसम्बन्धी तथ्याङ्क उत्पादन गर्ने र देशको कुल गार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखाका अन्य अनुमानको सुदृढीकरण गर्ने उद्देश्य सहित यो गणना सम्पन्न हुँदैछ। यसबाट तीनै तहका सरकारलाई नीति तथा योजना तर्जुमा र कार्यक्रम संचालन गर्न सहयोग पुग्नेछ। यसको लागि नेपाल सरकारबाट "राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२" तथा "राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्याङ्क सङ्कलन गर्ने आदेश, २०८२" स्वीकृत भई लागु भएको छ।

राष्ट्रिय आर्थिक गणना, २०८२ को स्थलगत तथ्याङ्क संकलनको लागि ७७ जिल्लामा ८४ ओटा जिल्ला आर्थिक गणना कार्यालय वि.सं. २०८२ साल चैत १ देखि २०८३ असार मसान्तसम्म (चार महिनाको लागि) स्थापना गर्ने र तथ्याङ्क सङ्कलनको स्थलगत कार्य मिति २०८३ वैशाख २ गते देखि २०८३ असार ७ गते सम्म सञ्चालन गर्ने कार्यतालिका रहेको छ।

यसै सन्दर्भमा राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२ अनुसार दफा १७ अनुसार "स्थानीय तहले आफ्नै स्रोतबाट खर्च व्यहोर्ने गरी गाउँपालिका/नगरपालिकाभित्र गणना कार्यलाई सहयोग र सहजिकरण गर्नका साथै आर्थिक क्रियाकलाप सञ्चालन गर्ने व्यवसाय तथा प्रतिष्ठानको पूर्ण गणना भएको प्रत्याभुत गर्न स्थानीय तहका अध्यक्ष/प्रमुखको संयोजकत्वमा "स्थानीय आर्थिक गणना समन्वय समिति" गठन गर्न सक्ने व्यवस्था रहेको छ। स्थानीय आर्थिक गणना समन्वय समितिको संरचनाको नमुना र कार्यक्षेत्र देहायअनुसार गठन गर्न सकिने व्यहोरा कार्यालयको निर्णयानुसार अनुरोध छ।

**स्थानीय आर्थिक गणना समन्वय समितिको संरचना**

| | |
|---|---|
| ➢ स्थानीय तहको प्रमुख/अध्यक्ष | संयोजक |
| ➢ स्थानीय तहको नगर उप-प्रमुख/उपाध्यक्ष | सदस्य |
| ➢ वाणिज्य, व्यापार सङ्घ संस्थाका प्रतिनिधि (३ जना) | सदस्य |
| ➢ सुरक्षा प्रतिनिधि | सदस्य |
| ➢ प्रशासकीय अधिकृत वा संयोजकले तोकेको व्यक्ति | सदस्य सचिव |

**समितिको कार्यक्षेत्र**

क) राष्ट्रिय आर्थिक गणनाको बारेमा जनचेतना तथा प्रचारप्रसार गर्ने,
ख) स्थलगत तथ्याङ्क सङ्कलनमा समन्वय तथा सहजीकरण गर्ने,
ग) गणना कार्यको सुरक्षा र विश्वासको वातावरण सिर्जना गर्ने,
घ) स्थलगत तथ्याङ्क सङ्कलन कार्यको अनुगमन गर्नुका साथै प्रतिष्ठान/व्यवसायको पूर्ण गणना भएको सुनिश्चित गर्ने साथै गणनामा खटिएका कर्मचारीलाई आवश्यक सहयोग गर्ने,
ङ) स्थलगत तथ्याङ्क सङ्कलनमा आइपरेका समस्याको समाधान गर्ने।

तसर्थ, राष्ट्रिय आर्थिक गणनालाई स्थानीय तहको पूर्ण सहभागिता, सहयोग र सहकार्यमा सम्पन्न गर्न तहाँको पूर्ण सहयोगको लागि हार्दिक अनुरोध गर्दछु।

(ढुण्डीराज लामिछाने)
उप प्रमुख तथ्याङ्क अधिकारी

CamScanner

१. राष्ट्रिय आर्थिक गणना २०८२: प्रचार सामग्री (नमुना) व्यानर तथा ठुलो होर्डिङ बोर्डको लागि डिजाइन खाका:

नेपाल सरकार

........................ नगरपालिका/गाउँपालिकाको अनुरोध

राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं

यही मिति २०८३ साल वैशाख २ गतेदेखि असार ७ गतेसम्म प्रत्येक उद्योग, व्यापार व्यवसाय, शैक्षिक प्रतिष्ठान, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्था, सेवा प्रदायक अन्य विभिन्न प्रकारका संघसंस्था तथा कार्यालय, प्रतिष्ठानहरूमा राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गत जिल्ला आर्थिक गणना कार्यालयले गणना कर्मचारीहरू खटाई तथ्याङ्क संकलन हुँदैछ। आ-आफ्नो प्रतिष्ठानका क्रियाकलाप सम्बन्धी सत्य-तथ्य विवरण उपलब्ध गराई राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पार्न सहयोग गरौं । तपाईंहरूले दिनुभएको विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य रहने छ।

आर्थिक गणनामा कोही नछुटौं।

"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"

टोल फ्रि नम्बर: ११७८

२. स्थानीय तहले आह्वान गर्ने प्रचार प्रसार संदेशको नमुना

नेपाल सरकार

........................ नगरपालिका/गाउँपालिकाको अनुरोध

**राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !**

"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"

**मुख्य जानकारी:**

- **गणना अवधि:** २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म।
- **को-को समेटिन्छन्?** प्रत्येक उद्योग, व्यापार व्यवसाय, शैक्षिक प्रतिष्ठान, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्था, सेवा प्रदायक संघसंस्था तथा कार्यालयहरू जस्ता सबै प्रतिष्ठानहरु समेटिन्छन् ।
- **तथ्याङ्क सङ्कलन विधि:** जिल्ला आर्थिक गणना कार्यालयले खटाएका गणकहरू मार्फत घरदैलो/प्रतिष्ठानमै पुगेर उद्योग/प्रतिष्ठानहरूको पूर्ण विवरण सङ्कलन गरिन्छ।

**हाम्रो अपिल:** आफ्नो प्रतिष्ठानका क्रियाकलापसम्वन्धी सत्य-तथ्य र पूर्ण विवरण उपलब्ध गराई राष्ट्रिय गौरवको यो अभियान सफल पार्न सहयोग गरौं।

**गोपनीयताको सुनिश्चितता:** तपाईंले दिनुभएको विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार पूर्ण रूपमा गोप्य रहने छ।

**आर्थिक गणनामा कोही नछुटौं ।**

थप जानकारीका लागि (टोल फ्रि नम्बर): ११७८

CamScanner

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

## राष्ट्रिय तथ्याङ्क कार्यालय

# राष्ट्रिय आर्थिक गणना, २०८२

प्रतिष्ठान क्रमसङ्ख्या

| | | |
|---|---|---|
| | | |

**उद्देश्यः**

१) नेपालभर सञ्चालनमा रहेका आर्थिक क्रियाकलाप गर्ने प्रतिष्ठानहरूको आधारभूत विवरण सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्ने।

२) प्रतिष्ठानहरूको विद्यमान सङ्ख्या, अर्थतन्त्रका क्षेत्रगत संरचना, आकार र वितरणसम्वन्धी विवरण उपलब्ध गराउने।

३) नीति निर्माण तथा योजना तर्जुमा गर्न आवश्यक पर्ने आधारभूत आर्थिक तथ्याङ्क उत्पादन गर्ने।

**गोपनीयताः** यस प्रश्नावलीमा सङ्कलन गरिने विवरणहरू तथ्याङ्क ऐन, २०७९ को दफा १० बमोजिम गोप्य रहनेछन्। आर्थिक एकाइको सङ्कलित विवरण सामूहिक रूपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिनेछ। यी विवरणहरू तथ्याङ्कीय प्रयोजनबाहेक अन्य कुनै निकायमा प्रमाणका लागि वा कर प्रयोजनको रूपमा पेस गरिने वा उपलब्ध गराइने छैन।

**कर्तव्यः** तथ्याङ्क ऐन, २०७९ को दफा ५ को उपदफा (४) अनुसार तथ्याङ्क उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**कार्यालयको अनुरोधः** नेपाल सरकारको राजपत्रमा प्रकाशित सूचित आदेशअनुसार देहाय बमोजिमको प्रश्नावलीमा भएका विवरणहरू उपलब्ध गराइदिनु हुन राष्ट्रिय तथ्याङ्क कार्यालय सम्वन्धित सबैमा हार्दिक अनुरोध गर्दछ।

# मुख्य प्रश्नावली

| | | | | | |
|---|---|---|---|---|---|
| गणकको नाम | ........................................ | दस्तखत | ........................... | मिति | 2083/.... /.... |
| सुपरिवेक्षकको नाम | ........................................ | दस्तखत | ........................... | मिति | 2083/.... /.... |

| **जिल्ला आर्थिक गणना कार्यालय प्रयोजनका लागि** | **नाम** | **दस्तखत** | **मिति** |
|---|---|---|---|
| सम्पादन गर्नेको | ........................................ | ........................ | 2083/.... /.... |
| सम्पादन रुजु गर्नेको | ........................................ | ........................ | 2083/.... /.... |
| **कार्यालय प्रयोजनका लागि** | **नाम** | **दस्तखत** | **मिति** |
| सम्पादन तथा कोडिङ गर्नेको | ........................................ | ........................ | 2083/.... /.... |
| कोडिङ रुजु गर्नेको | ........................................ | ........................ | 2083/.... /.... |
| तथ्याङ्क प्रविष्टि गर्नेको | ........................................ | ........................ | 2083/.... /.... |
| तथ्याङ्क प्रविष्टि रुजु गर्नेको | ........................................ | ........................ | 2083/.... /.... |

**गणकले भर्ने**

| प्रदेशको नाम | जिल्लाको नाम | गाउँपालिका/नगरपालिकाको नाम | वडा नं. | | गणनाक्षेत्र नं. | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

कार्यालय प्रयोजनको लागि

| NSIC 4-digit code | | | |
|---|---|---|---|
| | | | |

CamScanner

# प्रश्नावली फाराम भर्दा ध्यान दिनुपर्ने विषयहरू

१. राष्ट्रिय आर्थिक गणना, २०८२ को सन्दर्भ वर्ष आ.व. २०८१/८२ (वि. सं. २०८१ साउन १ गतेदेखि २०८२ असार मसान्तसम्म) र सन्दर्भ दिन २०८१ साल माघ १ गते तोकिएको छ ।

२. आयव्यय विवरण भर्ने प्रयोजनका लागि सन्दर्भ वर्षलाई आधार बनाउनुपर्दछ भने अन्य विवरणहरू भर्दा सन्दर्भ दिनलाई आधार बनाउनुपर्दछ ।

३. वि.सं. २०८१ माघ २ गते देखि २०८२ असार मसान्तसम्मको अवधिमा सञ्चालनमा आएका प्रतिष्ठानहरुको हकमा आयव्यय विवरण सञ्चालनमा आएको दिनदेखि २०८२ असार मसान्तसम्मको र संलग्न व्यक्तिहरुको विवरण २०८२ असार मसान्तको लेख्नुपर्दछ ।

४. वि.सं. २०८२ असार मसान्तपछि सञ्चालनमा आएका प्रतिष्ठानको हकमा सञ्चालनको दिनदेखि गणनाको दिनसम्मको अवधिलाई सन्दर्भ अवधि मान्नुपर्दछ । यस्ता प्रतिष्ठानको आयव्यय विवरण सञ्चालनको मितिदेखि गणनाको अघिल्लो दिनसम्मको र संलग्न व्यक्तिको विवरण गणनाको अघिल्लो दिनको लेख्नुपर्दछ ।

५. सबै विवरणहरू प्रतिष्ठान/व्यवसायको सञ्चालक, व्यवस्थापक वा आधिकारिक व्यक्तिलाई सोधेर लेख्नुपर्दछ।

६. विवरण भर्ने समयमा प्रतिष्ठानको लेखापरीक्षण भई नसकेको भए तापनि लेखापरीक्षण नगरिएको हिसाबकिताबकै आधारमा विवरणहरू भर्नुपर्दछ। लेखापरीक्षण गर्नुपर्ने कानूनी दायित्व नभएका प्रतिष्ठानको हिसाबकिताबको आधारमा विवरणहरू भर्नुपर्दछ।

७. कार्यालय प्रयोजनका लागि भनेर स्पष्ट छुट्याइएको, लागु नहुने र स्किप भएको अवस्थामा बाहेक अन्य कुनै पनि कोठा रिक्त हुनुहुँदैन। कुनै प्रश्नमा उत्तर नआउने भए उत्तर लेख्ने कोठामा अक्षरसँग सम्बन्धित हुने भए "N" र अङ्कसँग सम्बन्धित हुने भए "0" लेख्नुपर्दछ।

८. प्रश्नावली भर्दा निलो मसी भएको डट्पेन मात्र प्रयोग गर्नुपर्दछ।

९. अक्षरमा उत्तर आउने भएमा सबै अक्षरहरू नेपालीमा लेख्नुपर्दछ। अङ्कमा उत्तर आउने भएमा सबै अङ्कहरू अनिवार्य रूपमा अङ्ग्रेजीमा लेख्नुपर्दछ।

१०. कुनै प्रश्नको उत्तरको विकल्प कोडमा दिएको भएमा प्रश्नको उत्तर लेख्दा उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्दछ। बहुउत्तर सम्भव छ भनेको ठाँउमा एकभन्दा बढी उत्तर आउने भएमा उपयुक्त सबै विकल्पमा गोलो घेरा लगाउनुपर्दछ।

११. कुनै विकल्पमा गोलो घेरा लगाइसकेपछि "खुलाउनुहोस्" भन्ने रहेछ भने खाली ठाउँमा उत्तर खुलाउनुपर्दछ।

१२. प्रश्नावलीमा केरमेट गर्नु परेमा धब्बा हुने गरी केरमेट गर्नु हुँदैन। एउटा धर्कोले मात्र काटी सम्बन्धित स्थानमा सही उत्तर लेख्नुपर्दछ।

१३. प्रश्नावली भर्दा हरेक प्रश्नसँग सम्बन्धित निर्देशनहरू राम्रोसँग अध्ययन गर्नुपर्दछ।

१४. उत्तरदाताबाहेक असम्बन्धित व्यक्तिलाई भरिएका प्रश्नावलीहरू देखाउन, प्रतिलिपि उतार्न र सामाजिक सञ्जालमा राख्नुहुँदैन।

१५. आफ्नो जिम्मामा रहेका प्रश्नावली तथा अन्य गणना सामग्रीहरू हराउने, च्यातिने र अन्य कारणबाट बिग्रने अवस्था आउन नदिई आफूसँग सुरक्षित राख्नुपर्दछ। भरिएका प्रश्नावली फारामहरूको भित्री तथा कभर पानाहरू निकाल्नु, च्यात्नु वा हराउनु हुँदैन।

१६. प्रश्नहरू एकआपसमा अन्तरसम्बन्धित हुन सक्दछन्। त्यसैले एक प्रश्नको जवाफ र अर्को प्रश्नको जवाफबिच सामञ्जस्यता जाँच गर्नुपर्दछ। जस्तै: तलबी कर्मचारी सङ्ख्या उल्लेख गरिएको प्रतिष्ठानमा तलबको खर्च उल्लेख भएकै हुनुपर्दछ।



CamScanner

**खण्ड 1 – प्रतिष्ठान/व्यवसाय रहेको भौगोलिक क्षेत्र तथा सम्पर्क विवरण (Area Information: Location and Contact Details)** **AI**

| विवरण | नाम | कोड |
|---|---|---|
| AI1. प्रदेश: | | |
| AI2. जिल्ला: | | |
| AI3. गाउँपालिका/नगरपालिका: | | |
| AI4. वडा नम्बर: | | |
| AI5. गाउँबस्ती/टोलको नाम: | | |
| AI6. गणना क्षेत्र नम्बर: | | |
| AI7. गणना उपक्षेत्र नम्बर: | | |

| | |
|---|---|
| AI8. मार्ग/गल्ली/सडक/क्षेत्र: | |
| AI9. प्रतिष्ठान/व्यवसाय रहेको घर नम्बर: | |
| AI10. व्यावसायिक भवन/कम्प्लेक्स/मलको नाम: | |
| AI11. प्रतिष्ठान/व्यवसाय रहेको फ्ल्याट/तला नम्बर: *(भुँइतला लाई "00", पहिलो तलालाई "01" गर्दै प्रतिष्ठान/व्यवसाय जुन तलामा सञ्चालन गरिएको छ उक्त तला नम्बर लेख्नुहोस् )* | |
| AI12. पसल/कोठा नम्बर: | |
| AI13. फोन नम्बर: | |
| AI14. इमेल: | |
| AI15. वेबसाइट: | |
| AI16. प्लस कोड: | + |

**खण्ड 2 – प्रतिष्ठान/व्यवसायको विवरण (Establishment Information)** **EI**

| | |
|---|---|
| EI1. प्रतिष्ठान/व्यवसायको नाम (नेपालीमा): | .................................................................................................... |
| EI2. प्रतिष्ठान/व्यवसायको नाम (अङ्ग्रेजीमा): | .................................................................................................... |

**EI3. यस प्रतिष्ठान/व्यवसायको प्रमुख आर्थिक क्रियाकलाप के हो?**

- *एउटै प्रतिष्ठान/व्यवसायले एकभन्दा बढी आर्थिक क्रियाकलाप गरेको भए त्यस्ता क्रियाकलापमध्ये प्रमुख एक आर्थिक क्रियाकलाप मात्र (वस्तु उत्पादन वा सेवा प्रदान कार्य) यहाँ उल्लेख गर्नुपर्दछ।*
- *मुख्य कार्यालयको सन्दर्भमा शाखा तथा उपशाखा कार्यालयका आर्थिक क्रियाकलाप यसमा समावेश गर्नुहुँदैन।*

***(नेपालस्तरीय औद्योगिक वर्गीकरण (NSIC) को संक्षिप्त पुस्तिकाबाट उपयुक्त कोड भर्नुहोस् )***

| *(प्रमुख आर्थिक क्रियाकलाप विस्तृत रूपमा लेख्नुहोस् )* | गणकले भर्ने | | सुपरिवेक्षकले रुजु गरी भर्ने |
|---|---|---|---|
| | *NSIC कोड (1-digit जस्तै A,B,C...)* | *NSIC कोड (4-digit)* | *NSIC कोड (4-digit)* |
| ....................................................................<br>....................................................................<br>.................................................................... | | | |

## खण्ड 3 – दर्ता तथा वैधानिक स्थितिसम्बन्धी विवरण (Registration Information and Legal Status)

| | |
|---|---|
| **RI1.** यो प्रतिष्ठान/व्यवसाय कुनै सरकारी निकाय वा कार्यालयमा दर्ता भएको छ ? *(सरकारी/सार्वजनिक संस्थान भए दर्ता भएको मान्नुपर्दछ ।)* | छ ..................... 1<br>छैन .................... 2 ⇨ RI5. |
| **RI2.** यो प्रतिष्ठान/व्यवसाय कुन सरकारी निकाय वा कार्यालयमा दर्ता गर्नुभएको छ? *(सरकारी/सार्वजनिक संस्थान भए दर्ता भएको निकाय लेख्नुपर्दैन ।)* | दर्ता भएको सरकारी निकाय वा कार्यालयको नाम: ............................................ ; कार्यालय कोड (कार्यालय प्रयोजन): |
| **RI3.** यो प्रतिष्ठान/व्यवसाय सरकारी निकाय वा कार्यालयमा दर्ता गर्नुभएको मिति कहिले थियो ? *(प्रतिष्ठान/व्यवसाय दर्ता भएको साल चार अंक (YYYY) र महिना दुई अङ्क (MM) विक्रम सम्वत्अनुसार लेख्नुहोस् ।)* | साल: ; महिना: |
| **RI4.** यो प्रतिष्ठान/व्यवसायको स्थायी लेखा नम्बर (PAN/VAT) छ ? | छ..................... 1<br>छैन .................... 2 ⇨ RI5. |
| **RI4.1** प्रतिष्ठान/व्यवसायको स्थायी लेखा नम्बर (PAN/VAT) | |
| **RI5.** प्रतिष्ठान/व्यवसायको सञ्चालन मितिः *(सञ्चालन भएको साल चार अङ्क (YYYY) र महिना दुई अङ्क (MM) विक्रम सम्वत् अनुसार लेख्नुहोस् ।)* | साल: ; महिना: |
| **LS1.** यस प्रतिष्ठान/व्यवसायको वैधानिक स्थिति (Legal Status) कुन हो ? *(दर्ता नभएका प्रतिष्ठान/व्यवसायको हकमा भने तिनीहरूको स्वामित्व व्यक्तिगत भए 1, साझेदारी भए 2 र अन्य भए 9 मा गोलो घेरा लगाउनुपर्दछ ।)* | व्यक्तिगत ........................................ 1 ⇨ खण्ड 4<br>साझेदारी ........................................2<br>प्राइभेट लिमिटेड (कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका मात्र) .....3<br>पब्लिक लिमिटेड (कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका मात्र)..... 4<br>सहकारी ........................................5<br>सरकारी निकाय (*राज्यद्वारा सञ्चालित सरकारी स्वामित्वका प्रतिष्ठान/व्यवसाय, अर्धसरकारी, स्वायत्त निकाय समेत)* ............... 6 ⇨ खण्ड 4<br>गैरसरकारी संस्था *(NGO/INGO)* ..........................7 ⇨ खण्ड 4<br>उपभोक्ता समिति................................8 ⇨ खण्ड 4<br>अन्य (खुलाउनुहोस्) ..............................9 ⇨ खण्ड 4<br>................................................ |
| **LS2.** यस प्रतिष्ठान/व्यवसायमा हाल जम्मा कति जना संस्थापक लगानीकर्ता हुनुहुन्छ ? *(LS1 मा 2,3,4 वा 5 मध्ये कुनै एकमा गोलो घेरा लगाएकालाई मात्र सोध्नुहोस् ।)* | |
| **LS3.** यो प्रतिष्ठान/व्यवसाय बहुराष्ट्रिय कम्पनी हो ? *(वैधानिक स्थिति LS1 मा 3 वा 4 मध्ये कुनै एकमा गोलो घेरा लगाएकालाई मात्र सोध्नुहोस् ।)* | हो ........................................1<br>होइन ......................................2 |

## खण्ड 4 – प्रतिष्ठान/व्यवसाय धनी र व्यवस्थापकको विवरण (Characteristics of Owner and Manager) OM

| | विवरण | लिङ्ग | उमेर (पूरा भएको वर्ष) | शैक्षिक योग्यता (कोड) |
|---|---|---|---|---|
| **OM1.** | प्रतिष्ठान/व्यवसाय धनी *(यदि प्रतिष्ठान/व्यवसाय धनी एकभन्दा बढी भए सबैभन्दा बढी लगानी गर्ने व्यवसाय धनीको विवरण भर्नुहोस्)* | पुरुष.........1<br>महिला........2<br>लागु नहुने....3 ⇨ OM2.<br>*(सरकारी, सहकारी, उपभोक्ता समिति जस्ता संस्थाको लागि लागु नहुने ।)* | | |
| **OM2.** | व्यवस्थापक *(प्रतिष्ठान/व्यवसायको धनी नै व्यवस्थापक भएमा OM1 पङ्क्ति (row) को सार्नुहोस् ।)* | पुरुष .........1<br>महिला ........2 | | |



CamScanner

शैक्षिक योग्यताको कोड

| | | | |
|---|---|---|---|
| नर्सरी/के.जी ....00 | कक्षा ५ ..........05 | कक्षा १० (टेस्ट पास)..........10 | पी.एच.डी.......................15 |
| कक्षा १ ..........01 | कक्षा ६ ..........06 | एस.एल.सी/एस.ई.ई.............11 | साक्षर (अनौपचारिक) ........16 |
| कक्षा २ ..........02 | कक्षा ७ ..........07 | १० जोड २ वा सो सरह.......12 | अन्य ................17 |
| कक्षा ३ ..........03 | कक्षा ८..........08 | स्नातक वा सो सरह............13 | |
| कक्षा ४..........04 | कक्षा ९..........09 | स्नातकोत्तर वा सो सरह........14 | |

## खण्ड 5 - प्रतिष्ठान/व्यवसायको संस्थागत क्षेत्र (Institutional Sector) IS

| | | |
|---|---|---|
| **IS1.** | यस प्रतिष्ठान/व्यवसायको संस्थागत क्षेत्र कुन हो ? | सरकारी क्षेत्र *(अस्पताल, शैक्षिक संस्था, संग्रहालय, पार्क आदि)*..... 1<br>वित्तीय क्षेत्र........................................ 2<br>गैरवित्तीय क्षेत्र........................................ 3<br>नाफा नकमाई घरपरिवारलाई सेवा गर्ने क्षेत्र.............. 4<br>घरपरिवार क्षेत्र........................................ 5 |

## खण्ड 6 - प्रतिष्ठान/व्यवसायको साङ्गठनिक अवस्था (Organizational Status) OS

| | | |
|---|---|---|
| **OS1.** यो प्रतिष्ठान/व्यवसायको साङ्गठनिक अवस्था कस्तो हो ? | एकल एकाइ........................................1 | ⇨ खण्ड 8 |
| | मुख्य कार्यालय........................................2 | ⇨ खण्ड 7 |
| | शाखा कार्यालय........................................3 | |
| | उपशाखा कार्यालय ........................................4 | |

**OS2. मुख्य कार्यालयको नाम र ठेगाना**
*(यदि प्रतिष्ठान/व्यवसाय शाखा वा उपशाखा कार्यालय भए मात्र यो विवरण भर्नुहोस् )*

| | | |
|---|---|---|
| **OS2.1** | नामः ........................................................................................ | |
| **OS2.2** | ठेगानाः ........................................................................................ | ⇨ खण्ड 8 |

## खण्ड 7 - मुख्य कार्यालय (Head Office) HO

*(यस खण्डका प्रश्नहरू प्रतिष्ठान/व्यवसायको मुख्य कार्यालय (खण्ड 6 को OS1.=2) लाई मात्र सोधी विवरण भर्नुहोस् )*

| | | | | |
|---|---|---|---|---|
| **HO1.** यस कार्यालय अन्तर्गत रहेका शाखा तथा उपशाखा कार्यालयहरूको जम्मा सङ्ख्या | | | | |
| **HO2.** मुख्य कार्यालय, शाखा र उपशाखा कार्यालयहरूमा संलग्न नियमित कर्मचारी तथा कामदारहरूको जम्मा सङ्ख्या | | | | |

## खण्ड 8 - सन्दर्भ दिनमा यस प्रतिष्ठान/व्यवसायमा संलग्न व्यक्तिहरूको विवरण PE
**(Number of Persons Engaged in the Establishment at the Reference Day)**

*(यदि यो प्रतिष्ठान/व्यवसाय मुख्य कार्यालय (खण्ड 6 को OS1.=2) भए यसको शाखा तथा उपशाखा कार्यालयहरूमा कार्यरत कर्मचारी विवरण यहाँ समावेश नगर्नुहोस् )*

| क्र.सं. | विवरण | संलग्न व्यक्तिहरूको सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा | नेपाली | | विदेशी | |
| | | | पुरुष | महिला | पुरुष | महिला |
| (1) | (2) | (3) | (4) | (5) | (6) | (7) |
| **A** | **संलग्न बेतलबी व्यक्तिहरू** | | | | | |
| **PE1.1** | बेतलबी कार्यरत व्यवसायी तथा सक्रिय साझेदार | | | | | |
| **PE1.2** | बेतलबी परिवारका सदस्य तथा अन्य व्यक्ति | | | | | |
| **B** | **कार्यरत तलबी कर्मचारी तथा कामदारहरू** | | | | | |
| **PE1.3** | नियमित कर्मचारी तथा कामदार | | | | | |
| **PE1.4** | अस्थायी कर्मचारी तथा कामदार *(नियमित बाहेकका कामदारहरू)* | | | | | |



CamScanner

| क्र.सं. | विवरण | संलग्न व्यक्तिहरूको सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा | नेपाली | | विदेशी | |
| | | | पुरुष | महिला | पुरुष | महिला |
| (1) | (2) | (3) | (4) | (5) | (6) | (7) |
| PE1. | जम्मा संलग्न व्यक्ति (बेतलबी तथा तलबी दुवै) *(PE1.1 देखि PE1.4 सम्मको जोड)* | | | | | |
| PE1.5 | अपाङ्गता भएका व्यक्ति *(PE1. को जम्मा संलग्न व्यक्तिहरू मध्ये)* | | | | | |
| C | ज्यालादारी तथा संस्थागत करार *(PE1. मा समावेश भएका कर्मचारीहरूको सङ्ख्या यहाँ समावेश गर्नुहुँदैन )* | | | | | |
| PE2.1 | ज्यालादारी कर्मचारी तथा कामदार (व्यक्ति दिन) | | | | | |
| PE2.2 | अन्य संस्थाबाट संस्थागत करार गरिएका कामदार (सङ्ख्या) | | | | | |

## खण्ड 9 - प्रतिष्ठान/व्यवसाय सञ्चालन विवरण (Business Operation Information) BO

| | |
|---|---|
| **BO1.** यो प्रतिष्ठान/व्यवसाय मौसमी (सिजनल) हो ? | हो ........................................ 1<br>होइन .................................... 2 |
| **BO2.** सन्दर्भ वर्षमा यो प्रतिष्ठान/व्यवसाय कति महिना सञ्चालन भयो ? | |
| **BO3.** सन्दर्भ वर्षमा यो प्रतिष्ठान/व्यवसाय कति दिन सञ्चालन भयो ? | |
| **BO4.** यो प्रतिष्ठान/व्यवसाय दैनिक औषत कति समय (घण्टा) सञ्चालन भएको थियो ? | |

## खण्ड 10 - प्रतिष्ठान/व्यवसाय सञ्चालन भएको मुख्य भवन र जमिनको स्वामित्व (Business Place: Building and Land Ownership) BP

| **BP1.** भवन | **BP2.** जमिन *(भवनले ओगटेको बाहेक)* |
|---|---|
| आफ्नै ........................................1<br>भाडा ........................................2<br>लिज ........................................3<br>अन्य ........................................4<br>लागु नहुने ........................................5 | आफ्नै ........................................1<br>भाडा ........................................2<br>लिज ........................................3<br>अन्य ........................................4<br>लागु नहुने ........................................5 |
| **BP3.** व्यवसायी बसोबास गर्ने र प्रतिष्ठान/व्यवसाय सञ्चालन गर्ने घर/भवन एउटै हो ? | हो ........................................1<br>होइन ........................................ 2 |
| **BP4.** यो प्रतिष्ठान/व्यवसाय सञ्चालन भएको मुख्य भवन वा स्थलको प्रकार | एकल प्रतिष्ठान/व्यवसाय भएको एकल भवन ............1<br>बहु प्रतिष्ठान/व्यवसाय भएको एकल भवन ................2<br>एकल कम्पाउण्डमा एकल प्रतिष्ठान/व्यवसाय............3<br>एकल कम्पाउण्डमा बहु प्रतिष्ठान/व्यवसाय ..............4<br>हाट बजारमा ........................................ 5 ⇨ खण्ड 11<br>टहरामा ........................................ 6 ⇨ खण्ड 11<br>सडक/पार्कमा ........................................ 7 ⇨ खण्ड 11<br>अन्य ........................................ 8 ⇨ खण्ड 11 |
| **BP5.** यो प्रतिष्ठान/व्यवसाय सञ्चालन भएको मुख्य भवन आधुनिक हो ? | हो ........................................1<br>होइन ........................................2 |

CamScanner

नोटः खण्ड 11 देखि खण्ड 14 सम्मका विवरण एकल एकाइ र मुख्य कार्यालय (खण्ड 6 को OS1. = 1 वा 2) सँग मात्र सोध्नुपर्दछ।

| खण्ड 11 - प्रतिष्ठान/व्यवसायको लेखा/स्रेस्ता तथा बीमासम्बन्धी व्यवस्था (Accounting and Insurance Record) | | AR |
|---|---|---|
| AR1. | यस प्रतिष्ठान/व्यवसायले लेखा/स्रेस्ता राख्ने गरेको छ ? *(लेखा स्रेस्ता भन्नाले प्रतिष्ठान/व्यवसायले आयव्यय विवरण, हिसाबकिताब आदि राख्ने कार्यलाई बुझिन्छ ।)* | छ ........................................1<br>छैन........................................ 2 ⇨ AR3. |
| AR2. | लेखा/स्रेस्ताको प्रकार | सामान्य हिसाब किताब ........................ 1<br>व्यवस्थित आय व्यय विवरण *(वासलात)*.... 2 |
| AR3. | यस प्रतिष्ठान/व्यवसायले आफ्नो व्यवसायको बीमा गरेको छ ? | छ ........................................1<br>छैन........................................ 2 |

| खण्ड 12 - आर्थिक वर्ष २०८१/८२ को वार्षिक सञ्चालन खर्च र बिक्री (Operating Expenses and Sales) | | ES |
|---|---|---|
| *(गणना गरिने प्रतिष्ठान/व्यवसाय मुख्य कार्यालय भए यसका शाखा वा उपशाखा कार्यालयहरू सहितको एकमुष्ठ वार्षिक सञ्चालन खर्च र बिक्री बापतको प्राप्त रकम भर्नुपर्दछ ।)* | | |
| ES1. | आर्थिक वर्ष २०८१/८२ को वार्षिक तलब खर्च *(यसअन्तर्गत तलबी भर्पाइबाट वार्षिक रूपमा प्रदान गरिएका तलब, सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, जीवन बीमा, अन्य भत्ताहरू समेत समावेश गर्नुपर्दछ ।)* | रू. (अङ्कमा) ........................................<br>अक्षरमा ........................................ |
| ES2. | खरिद गरिएकै हालतमा बिक्री भएका वस्तुको खरिद गर्दा लागेको खर्च रकम | रू. (अङ्कमा) ........................................<br>अक्षरमा ........................................ |
| ES3. | आर्थिक वर्ष २०८१/८२ को वार्षिक व्यवसाय सञ्चालन (तलब बाहेकको) खर्च *(सञ्चालन खर्च तथा कच्चा पदार्थहरू जस्तैः सेवा प्रदान गर्दा लागेको खर्च, व्यवसाय सञ्चालन गरिएको भवनको भाडा, मेसिनरी तथा औजारको भाडा, पानी, बिजुली आदि जस्ता मध्यवर्ती उपभोग खर्च रकम मात्र समावेश गर्नुपर्दछ तर खरिद गरिएकै हालतमा बिक्री गरिने वस्तुको खरिद रकम भने यहाँ समावेश नगरी ES2. मा समावेश गर्नुपर्दछ ।)* | रू. (अङ्कमा) ........................................<br>अक्षरमा ........................................ |
| ES4. | खरिद गरिएकै हालतमा बिक्री भएका वस्तुको बिक्रीबाट प्राप्त रकम | रू. (अङ्कमा) ........................................<br>अक्षरमा ........................................ |
| ES5. | आर्थिक वर्ष २०८१/८२ को वार्षिक उत्पादन *(व्यवसायले सञ्चालन गरेका क्रियाकलापबाट उत्पादित सबै वस्तु तथा सेवाको जम्मा मूल्य यहाँ समावेश गर्नुपर्दछ तर खरिद गरिएकै हालतमा बिक्री भएका वस्तुको बिक्रीबाट प्राप्त रकम यहाँ समावेश नगरी ES4. मा समावेश गर्नुपर्दछ ।)* | रू. (अङ्कमा) ........................................<br>अक्षरमा ........................................ |

| खण्ड 13 – लगानी तथा ऋण सम्बन्धी विवरण (Investment and Loan Information) | | CI |
|---|---|---|
| *(मुख्य कार्यालय भए शाखा/उपशाखा कार्यालयको समेतको जोडी लेख्नुहोस् ।)* | | |
| CI1. | यो प्रतिष्ठान/व्यवसायमा जम्मा लगानी रकम कति छ ? *(विदेशी लगानी भए सो समेत जोडेर लेख्नुपर्दछ ।)* | रू. (अङ्कमा) ........................................<br>अक्षरमा ........................................ |
| CI2. | यो प्रतिष्ठान/व्यवसायमा कति प्रतिशत वैदेशिक लगानी रहेको छ ? *(वैदेशिक लगानी प्रतिशतमा लेख्नुहोस् ।)* | ___ ___ ___ % |

CamScanner

| | | |
|---|---|---|
| CI3. | यो प्रतिष्ठान/व्यवसायले गत ३ वर्ष भित्र व्यावसायिक उद्देश्यको लागि ऋण लिएको वा विगतमा ऋण लिएर आंशिक/पुरा चुक्ता गरिसकेको छ? | छ ............................................1<br>छैन ............................................2 ⇨ खण्ड 14 |
| CI4. | यस प्रतिष्ठान/व्यवसायले मुख्यरूपमा कहाँबाट ऋण लिएको छ/थियो? | बैंक ............................................1<br>फाइनान्स/माइक्रो फाइनान्स............2<br>सहकारी............................................3<br>व्यक्तिगत ............................................4<br>अन्य............................................5 |

## खण्ड 14 – प्रतिष्ठान/व्यवसायका समस्या र सुझावहरू (Problems and Suggestions) PS

**PS1.** यस प्रतिष्ठान/व्यवसायले सामना गर्नु परेका प्रमुख तीन ओटा समस्याहरू के के हुन् ?

| क्र.सं. | समस्याका क्षेत्रहरू | प्राथमिकता अनुसार 1, 2 र 3 लेखुहोस् । |
|---|---|---|
| क. | ऐन, कानूनसम्बन्धी | |
| ख. | कर्मचारी तथा कामदारसम्बन्धी | |
| ग. | कच्चा पदार्थ तथा तयारी सामानसम्बन्धी | |
| घ. | लगानी तथा ऋणसम्बन्धी | |
| ङ. | कार्यस्थल सुरक्षासम्बन्धी | |
| च. | वातावरणीय तथा प्राकृतिक प्रभावसम्बन्धी | |
| छ. | बजार तथा उपभोक्तासम्बन्धी | |
| ज. | अन्य खुलाउने ................................ | |
| झ. | कुनै समस्या नभएमा यस लहरमा ९ लेख्नुपर्दछ। | |

**PS2.** प्रतिष्ठान/व्यवसायको तर्फबाट केही सुझाव भए उल्लेख गर्नुहोस्।

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

## खण्ड 15 – जवाफ दिने (प्रतिष्ठान/व्यवसाय धनी वा अन्य सम्बन्धित) व्यक्ति (Respondent's Information) RI

नामः ........................................ पदः.............................. सम्पर्क नम्बरः ......................

दस्तखत र मितिः................................ प्रतिष्ठान/व्यवसायको छापः

राष्ट्रिय तथ्याङ्क कार्यालय
आर्थिक गणना शाखा
सम्पर्कः ०१-४१००५२४, टोल फ्री नंः ११७८
इमेलः ecocen@nsonepal.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**

## मिति २०८३ वैशाख २ गतेदेखि २०८३ असार ७ गतेसम्म सञ्चालन हुने राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पार्न राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुरोध

### आर्थिक गणना भनेको के हो ?

गणनाको समयमा देशभित्र सञ्चालनमा रहेका वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने सबै प्रतिष्ठान/व्यवसाय (आर्थिक एकाइहरु) मा पुगी ती प्रतिष्ठान/व्यवसायको विवरण सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन एवं वितरण गर्ने समष्टिगत प्रक्रियालाई **"आर्थिक गणना"** भनिन्छ।

### आर्थिक गणनाका प्रमुख उद्देश्यहरू के हुन् ?

राष्ट्रिय आर्थिक गणना, २०८२ का उद्देश्यमा नेपालभर सञ्चालनमा रहेका आर्थिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठानहरूको आधारभूत विवरण सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्ने; प्रतिष्ठानहरूको विद्यमान सङ्ख्या, अर्थतन्त्रका क्षेत्र, संरचनाअनुसार आकार र वितरणसम्बन्धी तथ्याङ्क उत्पादन र प्रकाशन गर्ने; सरकारले नियमित रूपमा उत्पादन गर्ने कुल गार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखाका अन्य अनुमानको सुदृढीकरणका लागि आधारभूत तथ्याङ्क उत्पादन गर्ने; राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गर्न आवश्यक तथ्याङ्क उत्पादन गर्ने; प्रतिष्ठानमा आधारित सबै प्रकारका सर्वेक्षणका लागि आधारभूत नमुना छनोट फ्रेम **(Sample frame)** निर्माण गर्ने र तथ्याङ्कीय व्यावसायिक रजिष्टर **(Statistical Business Register- SBR)** निर्माण तथा अद्यावधिकको लागि आधार निर्माण गर्ने रहेको छ।

### प्रतिष्ठान भनेको के हो ?

प्रतिष्ठान भन्नाले एउटै स्वामित्व वा नियन्त्रणमा कुनै निश्चित स्थानमा रही एकै वा मुख्य रूपले कुनै एउटा आर्थिक क्रियाकलाप गर्ने आर्थिक एकाइलाई बुझाउँदछ। आर्थिक गणनामा तथ्याङ्क सङ्कलन गर्न लागिएको आर्थिक एकाइ नै मूलतः एउटा प्रतिष्ठान हो। यस्ता प्रतिष्ठानले मुख्यतया एकै प्रकारका मात्र आर्थिक क्रियाकलापहरू सञ्चालन गरेका हुन्छन्।

### आर्थिक गणनामा कस्ता प्रतिष्ठानको गणना गरिन्छ ?

आर्थिक गणनामा विभिन्न वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने औपचारिक वा अनौपचारिक सबै प्रतिष्ठान/व्यवसायहरूको गणना गरिन्छ। जस्तैः ढुङ्गा, बालुवा तथा खनिज पदार्थको उत्खनन् क्रियाकलाप गर्ने व्यवसाय, विभिन्न वस्तु उत्पादन गर्ने लघु, घरेलु, साना, ठुला सबैखालका उद्योग; निर्माण व्यवसाय; विद्युत् उत्पादन तथा वितरण गर्ने व्यवसाय; खानेपानी तथा सिँचाइसम्वन्धी संस्था; फोहोरमैला व्यवस्थापन गर्ने संस्था; होटल तथा लज व्यवसाय; यातायात सेवा सञ्चालन गर्ने व्यवसाय; सूचना तथा सञ्चारसम्बन्धी क्रियाकलाप गर्ने व्यवसाय; वस्तुको थोक तथा खुद्रा बिक्री गर्ने व्यापार व्यवसाय; बैंक तथा वित्तीय संस्था; घरजग्गाको कारोवार गर्ने व्यवसाय; विद्यालय, विश्वविद्यालय जस्ता शैक्षिक संस्था; स्वास्थ्य सेवा दिने अस्पताल तथा संघ-संस्था; विभिन्न प्रकारका विशेषज्ञ तथा प्राविधिक सेवा जस्तैः इन्जिनियरिङ, लेखा परीक्षण, कानूनी सेवा, लेखापढी आदि सेवा व्यवसाय; ट्राभल एण्ड टुर सेवा, ट्रेकिङ सेवा, सेक्युरिटी सेवा, क्याटरिङ सेवा, म्यानपावर सेवा, सहयोगी सेवा उपलव्ध गराउने व्यवसाय; कला, मनोरञ्जन, खेलकुदसम्बन्धी व्यवसाय; विभिन्न प्रकृतिका सामाजिक सेवा प्रदान गर्ने गैरसरकारी संस्था; राजनीतिक दल, विभिन्न व्यावसायिक सङ्गठनहरु र दर्ता भएका कृषि फार्म, पशुपालन फार्म, कुखुरापालन फार्म, मत्स्यपालन फार्म, चिया बगान, जडीबुटी फार्म, नर्सरी तथा यस्तै प्रकृतिका व्यवसाय/संस्थाहरु आदि।

CS CamScanner

**आर्थिक गणना कसरी सञ्चालन गरिन्छ ?**

राष्ट्रिय आर्थिक गणना, २०८२ मा देशभर सञ्चालनमा रहेका प्रतिष्ठान/व्यवसायको स्थलगत तथ्याङ्क सङ्कलनको लागि खटिनुभएका गणक तथा सुपरिवेक्षक प्रतिष्ठान व्यवसायमा भौतिक रूपमा नै उपस्थित भएर विवरणहरू सङ्कलन गरिन्छ। यस गणनामा मुख्य गरेर दुई प्रकारका प्रश्नावली फारामहरू प्रयोगमा ल्याई तथ्याङ्क सङ्कलन गरिनेछ।

१.सूचीकरण फारामः नेपालभर सञ्चालित वा अस्तित्त्वमा रहेका सबै प्रतिष्ठान वा व्यावसायिक एकाइको सूचीकरण फाराममा सङ्क्षिप्त विवरण सङ्कलन गरिन्छ।

२.मुख्य प्रश्नावलीः सूचीकरण गरिसकिएका प्रतिष्ठान वा व्यवसायहरूको विस्तृत विवरण सङ्कलन गरिनेछ।मुख्य प्रश्नावलीका विवरणहरू निम्न माध्यमबाट सङ्कलन गरिन्छः

क) इ-सेन्सस (**e–census**): प्रतिष्ठान/व्यवसायी आँफैले भर्न सकिने विधि

ख) कागजी प्रश्नावली (**paper based questionnaire**) : गणक मार्फत भरिने

वि.सं. २०८३ वैशाख २ गतेदेखि २०८३ साल असार ७ गतेसम्म यस राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गतका जिल्ला आर्थिक गणना कार्यालयहरुबाट आर्थिक गणनाका विवरणहरू सङ्कलन गर्न प्रत्येक प्रतिष्ठान व्यवसाय स्थलमा गणक तथा सुपरिवेक्षकहरू आउने छन्।

**के कस्ता विवरण सङ्कलन गरिन्छ ?**

राष्ट्रिय आर्थिक गणना, २०८२ बाट मुख्यतया नेपालमा सञ्चालित सबै आर्थिक एकाइहरू (प्रतिष्ठान तथा व्यवसाय) को ठेगाना, दर्ता तथा स्वामित्व स्थिति, व्यवसाय सञ्चालन अवधि, प्रमुख आर्थिक क्रियाकलाप, रोजगारी स्थिति, व्यवसायको प्रकार, लगानी, ऋणमा पहुँच, बीमा जस्ता विभिन्न तथ्याङ्कीय विवरणहरू सङ्कलन गरिन्छन्।

**आर्थिक गणनामा क-कसको भूमिका रहन्छ ?**

तथ्याङ्ककै आधारमा नीति, योजना तर्जुमा तथा मूल्याङ्कन अनुगमन हुने भएकोले सङ्कलित विवरणहरू समसामयिक, भरपर्दो तथा विश्वसनीय हुनु जरुरी हुन्छ। यसका लागि गणनामा सम्पूर्ण उद्यमी-व्यवसायी, सरोकारवाला संघ-संस्था, नागरिक समाज, पत्रकारलगायत सबैको भूमिका महत्वपूर्ण रहन्छ। यस गणनालाई सफलताकासाथ सम्पन्न गर्न यस राष्ट्रिय अभियानमा सरोकार राख्ने नेपाल सरकारका सबै निकाय, पत्रकार, उद्योगी, व्यवसायी, शैक्षिक संस्था, स्वास्थ्य व्यवसायी, गैरसरकारी संस्था, साना तथा ठुला प्रतिष्ठान, संघसंस्था र सम्पूर्ण नागरिकको सक्रिय सहभागिता हुन्छ। यस कार्यमा सबै सरोकारवालाको सहयोग तथा सद्भाव प्राप्त हुने राष्ट्रिय तथ्याङ्क कार्यालयले अपेक्षा तथा विश्वास लिएको छ। प्रतिष्ठान/व्यवसायहरूबाट सङ्कलित विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य रहने र कुनै निकायमा प्रमाणका लागि वा कर प्रयोजनको रूपमा पेस नगरिने तथा उपलब्ध नगराइने कुरामा कार्यालय सम्बन्धित सबैलाई विश्वास दिलाउन चाहन्छ। यी विवरणहरू सामूहिक तथ्याङ्कीय प्रयोजनका लागि मात्र उपयोग हुनेछन्।

आर्थिक गणना हामी सबैको साझा कार्यक्रम हो। त्यसैले, आर्थिक गणनाको तथ्याङ्क सङ्कलन गर्न प्रतिष्ठान व्यवसाय स्थलमा तथा घर घरमा आउने कर्मचारीलाई सत्य/तथ्य विवरण उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ। राष्ट्रको आर्थिक विकासमा प्रत्यक्ष र परोक्ष रूपमा योगदान गर्ने यस अवसरमा यहाँहरुको अमूल्य सहभागिताको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको हार्दिक अनुरोध गर्दछ।

**"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"**

**विस्तृत जानकारीको लागि**
**टोल फ्री नं: ११७८**

CamScanner

# राष्ट्रिय आर्थिक गणना, २०८२

१.९ नेपालमा दोस्रो राष्ट्रिय आर्थिक गणना आ.व. २०८२/८३ मा सञ्चालन हुँदैछ। यो गणना जनगणना, कृषि गणना जस्तै आवधिक रूपमा सम्पन्न गरिने देशव्यापी कार्यक्रम हो। राष्ट्रिय तथ्याङ्क परिषद्बाट पारित तथ्याङ्कीय पात्रो, तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति (दोस्रो) जस्ता दस्तावेज र आर्थिक गणनाको लागि गठित निर्देशक समितिको बैठकका निर्णय अनुसार नेपालमा हरेक ५-५ वर्षमा राष्ट्रिय आर्थिक गणना सञ्चालन गरिने लक्ष्य लिइएको छ। यस गणनाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास लक्ष्यको प्रगति मापन लागि आवश्यक पर्ने आधारभूत आर्थिक तथ्याङ्क प्राप्त हुनेछ। साथै, मुलुक सङ्घीय संरचनामा प्रवेश गरिसकेको परिप्रेक्ष्यमा आर्थिक गणनाबाट प्राप्त तथ्याङ्क सङ्घीय संरचनामा राज्यका सबै सरकारलाई आर्थिक विकासको नीति, योजना तथा कार्यक्रम तर्जुमा र मुल्याङ्कनको लागि भरपर्दो आधार हुनेछ।

१.१० स्थलगत तथ्याङ्क सङ्कलनको कार्य आर्थिक गणनाको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। आर्थिक गणना कार्य मूलतः प्राविधिक तथा व्यवस्थापकीय दृष्टिले गणना पूर्व, मुख्य गणना र गणनापश्चात् गरी तीन चरणमा सम्पन्न गरिन्छ। आर्थिक गणनाका प्रत्येक चरण एक अर्कामा अन्तरसम्बन्धित हुने र हरेक चरणअन्तर्गत विभिन्न क्रियाकलापहरू सञ्चालन हुने भएकोले यो कार्यको लागि पर्याप्त श्रोत, साधन र जनशक्तिको आवश्यकता पर्दछ। श्रोत, साधन र जनशक्तिको उचित परिचालन तथा कुशल व्यवस्थापनबाट नै आर्थिक गणनालाई राष्ट्रव्यापी रूपमा निर्धारित समयभित्र सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ।

१.११ राष्ट्रिय आर्थिक गणना, २०८२ देशव्यापी रूपमा एउटै अवधारणा, मापदण्ड, परिभाषा र विधिबाट सम्पन्न गर्नुपर्ने विशेष प्रकृतिको बृहत् प्राविधिक एवम् व्यवस्थापकीय तथ्याङ्कीय कार्य भएकोले यसको पूर्वतयारीदेखि नतिजा विश्लेषण र प्रकाशनसम्मका क्रियाकलापहरू तोकिएकै समयमा सम्पन्न गर्नुपर्दछ। अतः तोकिएको समयभित्रै देशव्यापी रूपमा एउटै अवधारणा, परिभाषा, मापदण्ड, विधि र प्रक्रियाबाट परिणाममुखी रूपमा राष्ट्रिय आर्थिक गणना, २०८२ सफलतापूर्वक सम्पन्न गर्न **"राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२"** तयार गरिएको छ।

## राष्ट्रिय आर्थिक गणना, २०८२ का उद्देश्य

१.१२ राष्ट्रिय आर्थिक गणना, २०८२ का प्रमुख उद्देश्यहरू निम्न बमोजिम छन्:

१. नेपालभर सञ्चालनमा रहेका आर्थिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठानहरूको आधारभूत विवरण सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्ने,

२. प्रतिष्ठानहरूको विद्यमान सङ्ख्या, अर्थतन्त्रका क्षेत्रगत संरचनाअनुसार आकार र वितरणसम्बन्धी तथ्याङ्क उत्पादन र प्रकाशन गर्ने,

३. सरकारले नियमित रूपमा उत्पादन गर्ने कुल गार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखाका अन्य अनुमानको सुदृढीकरणका लागि आधारभूत तथ्याङ्क उत्पादन गर्ने,

४. राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गर्न आवश्यक तथ्याङ्क उत्पादन गर्ने,

५. प्रतिष्ठानमा आधारित सबै प्रकारका सर्वेक्षणका लागि आधारभूत नमुना छनोट फ्रेम (Sample frame) निर्माण गर्ने, र

CamScanner

६. तथ्याङ्कीय व्यवसायिक रजिष्टर (Statistical Business Register- SBR) निर्माण तथा अद्यावधिकको लागि आधार निर्माण गर्ने।

## आर्थिक गणनाको आवश्यकता र महत्त्व

१.१३ आर्थिक गणनाको आवश्यकता र महत्त्वलाई देहायका बुँदामा उल्लेख गरिएको छः

- नियमित रूपमा अनुमान गरिने कुल गार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखाका अन्य अनुमानलाई समयसापेक्ष सुदृढीकरण गर्ने तथा आधार वर्ष परिवर्तनको लागि विश्वसनीय तथ्याङ्कको उत्पादन मूल रूपमा आर्थिक गणनाबाट प्राप्त गरिने हुँदा आर्थिक गणनाको अनिवार्यतालाई बोध गराउँदछ।
- आर्थिक गणनाले सामान्यतः विषयगत तथा क्षेत्रगत प्रतिष्ठानमा आधारित तथ्याङ्कीय सर्वेक्षणहरू सञ्चालन गर्नका लागि तथ्याङ्कीय स्याम्पल फ्रेम तयारीमा मद्दत गर्दछ भने अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरणमा उल्लिखित विविध आर्थिक क्रियाकलापका क्षेत्रहरू जस्तैः कृषि, खानी, औद्योगिक उत्पादन, थोक तथा खुद्रा व्यापार, स्वास्थ्य, शिक्षा आदिसम्बन्धी सानादेखि ठुला सम्पूर्ण प्रतिष्ठानहरूको विवरण रहने तथ्याङ्कीय व्यावसायिक रजिस्टर निर्माण र आवधिक रूपमा अद्यावधिक गर्न पनि सहयोग गर्दछ।
- गुणस्तरयुक्त आर्थिक तथ्याङ्कको अभावमा सही आर्थिक नीति तथा कार्यक्रमहरू तर्जुमा गर्न कठिनाइ हुनुका साथै यससँग सम्बन्धित कार्यक्रमहरू पनि प्रभावित हुन्छन्। यसैले स्थानीय तहदेखि सङ्घसम्मका विभिन्न आर्थिक नीति तथा कार्यक्रमहरू तर्जुमा र तिनीहरूको मुल्याङ्कन गर्नका लागि भरपर्दो र गुणस्तरीय आर्थिक तथ्याङ्कहरूको नियमित आपूर्ति हुने तथ्याङ्क प्रणालीको पूर्वाधार विकास हुनु नितान्त आवश्यक छ।
- आर्थिक गतिविधिहरू एक गतिशील प्रकृतिको हुने भएकोले समय परिस्थितिसँगै अर्थतन्त्रको संरचना र विशेषताहरूबारे जानकारी हासिल गर्न विविध आर्थिक क्रियाकलापहरू सञ्चालन गर्ने आर्थिक प्रतिष्ठानहरूको निश्चित समय अन्तरालमा नियमित ढंगले आर्थिक गणना सञ्चालन गर्नु अपरिहार्य हुन्छ। यसैगरी देशको वास्तविक र समग्र अर्थतन्त्रको संरचनाबारे नियमित रूपमा तथ्याङ्कीय स्थितिको जानकारी हासिल गर्न र तथ्याङ्कको अभावलाई परिपूर्ति गर्न यो गणनाले मद्दत गर्दछ।
- देशको अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको ठुलो हिस्सा रहेको छ। औपचारिक/अनौपचारिक रूपमा सञ्चालित आर्थिक एकाइको गुणस्तरीय आर्थिक तथ्याङ्क प्रवाह हुने मुख्य स्रोतको रूपमा आर्थिक गणना अपरिहार्य रहेको छ।

## आर्थिक गणनाको क्षेत्र र दायरा

१.१४ देशको भूगोलभित्र कुनै निश्चित स्थानमा सञ्चालित वा अस्तित्वमा रहेका सबै प्रतिष्ठान तथा व्यवसायहरू आर्थिक गणनाको दायराभित्र पर्दछन्। गणनामा नेपालस्तरीय औद्योगिक वर्गीकरण (NSIC) अनुसार देहाय बमोजिमका १८ क्षेत्रका आर्थिक क्रियाकलाप सञ्चालन गर्ने औद्योगिक क्षेत्रहरू समावेश गरिन्छ।

A. कृषि, वन तथा माछापालन (दर्ता भएका मात्र)
B. खानी तथा उत्खनन्
C. औद्योगिक उत्पादन
D. विद्युत, ग्यास, बाफ तथा वातानुकूलित सेवा
E. पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरू
F. निर्माण
G. थोक तथा खुद्रा व्यापार, मोटरगाडी र मोटरसाइकलको मर्मत सम्भारका कार्यहरू

CamScanner

H. यातायात तथा भण्डारण
I. आवास तथा भोजन सेवासम्बन्धी क्रियाकलापहरू
J. सूचना तथा सञ्चार
K. वित्तीय तथा बीमासम्बन्धी क्रियाकलापहरू
L. रियल स्टेटसम्बन्धी (घरजग्गा कारोवार) क्रियाकलापहरू
M. पेसागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू
N. प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू
O. .......
P. शिक्षा
Q. मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरू
R. कला, मनोरञ्जन तथा मनोविनोद
S. अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरू
T. .....
U. .....

१.१५ तर, दर्ता नगरी सञ्चालनमा रहेका कृषि, वन तथा माछापालन क्षेत्रका क्रियाकलाप (A), सार्वजनिक प्रशासन तथा सुरक्षा; अनिवार्य सामाजिक सुरक्षासम्वन्धी क्रियाकलाप(O), रोजगारदाताका रूपमा घरपरिवारका घरायसी क्रियाकलापहरू; आफ्नो प्रयोगका लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवाहरू उत्पादन क्रियाकलापहरू(T) र बाह्य सङ्घ-संस्था एवम् यसका अङ्गहरूका क्रियाकलापहरू(U) यस गणनामा समावेश गरिएको छैन।

## राष्ट्रिय आर्थिक गणना, २०८२ को सङ्क्षिप्त कार्यतालिका

१.१७ राष्ट्रिय आर्थिक गणना, २०८२ मा देशभर सञ्चालनमा रहेका प्रतिष्ठान/व्यवसायको विवरण यथार्थ रूपमा प्राप्त गर्ने उद्देश्यअनुरूप कार्यतालिका तयार गरिएको छ। वि.सं. २०८२ चैत १ गतेदेखि जिल्लास्तरमा कार्यालय स्थापना गरी वि.सं. २०८३ वैशाख २ गतेदेखि २०८३ असार ७ गतेसम्म स्थलगत तथ्याङ्क सङ्कलन कार्य सञ्चालन हुनेछ।

१.१८ राष्ट्रिय आर्थिक गणना, २०८२ को सम्पूर्ण कार्यहरू तोकिएको कार्यतालिका अनुसार सम्पन्न गर्नुपर्नेछ। गणना अन्तर्गत सञ्चालन हुने स्थलगत तथ्याङ्क सङ्कलनको सङ्क्षिप्त कार्यतालिका निम्नानुसार रहेको छ।

CamScanner

## तालिकाः सङ्क्षिप्त कार्यतालिका

| क्र.सं. | मुख्य क्रियाकलाप | देखि | सम्म |
|---|---|---|---|
| १ | जिल्ला आर्थिक गणना अधिकारी तथा सहायक आर्थिक गणना अधिकारी तालिम (केन्द्रीयस्तरमा हुने) | २०८२ फागुन २४ | २०८२ फागुन २८ |
| २ | जिल्ला आर्थिक गणना कार्यालय स्थापना | २०८२ चैत १ | २०८२ चैत ४ |
| ३ | जिल्ला आर्थिक गणना कार्यालय रहने अवधि | २०८२ चैत १ | २०८३ असार मसान्त |
| ४ | जिल्लास्तरीय छलफल, अन्तरक्रिया तथा सचेतना गोष्ठी | - | २०८२ चैत तेस्रो हप्ता |
| ५ | गणक तथा सुपरिवेक्षकहरूको अन्तर्वार्ता तथा नतिजा प्रकाशन | २०८२ चैत २० | २०८२ चैत २५ |
| ६ | गणक तथा सुपरिवेक्षक तालिम | २०८२ चैत २६ | २०८२ चैत ३० |
| ७ | स्थलगत तथ्याङ्क सङ्कलन कार्य | २०८३ वैशाख २ | २०८३ असार ७ |
| ८ | सुपरिवेक्षकले स्थानीय तहमा समन्वय तथा छलफल गरी आर्थिक गणनाको बारेमा जानकारी दिने | २०८३ वैशाख २ | २०८३ असार ७ |
| ९ | भरिएका प्रश्नावली लगायतका अन्य फारामको जाँच गर्ने, रूजु गर्ने, प्रमाणित गर्ने र बुझिलिने | २०८३ असार ८ | २०८३ असार ११ |
| १० | गणक तथा सुपरिवेक्षकलाई स-धन्यवाद विदा गर्ने | २०८३ असार ८ | २०८३ असार ११ |
| ११ | प्रारम्भिक नतिजाको लागि कन्ट्रोल फाराम अनलाइन प्रविष्टि गर्ने | २०८३ असार १२ | २०८३ असार १६ |
| १२ | भरिएका फाराम रूजु गरी अभिलेख तयार गर्ने, सामग्री प्याकिङ गरी राष्ट्रिय तथ्याङ्क कार्यालय वा तोकिएको तथ्याङ्क समन्वय कार्यालयमा फारामलगायत अन्य सामग्री ढुवानी गर्ने | २०८३ असार १७ | २०८३ असार २१ |
| १३ | आन्तरिक लेखापरीक्षण सम्पन्न गर्ने | २०८३ असार २२ | २०८३ असार २६ |
| १४ | जिल्ला आर्थिक गणना कार्यालय बन्द गरी सम्बन्धित कार्यालयमा फिर्ता हुने | | २०८३ असार मसान्त |

CamScanner

# भाग २: आर्थिक गणना सञ्चालनको कानुनी तथा नीतिगत प्रावधान

## कानुनी तथा नीतिगत आधार

२.१ देहायको कानुनी आधारमा राष्ट्रिय आर्थिक गणना, २०८२ सञ्चालन गरिनेछः

क) नेपालको संविधान

ख) तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८०

ग) तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (वि.सं, २०८१/८२ - ०८५/८६)

घ) राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२

ङ) राष्ट्रिय आर्थिक गणना, २०८२ को तथ्याङ्क सङ्कलन गर्ने आदेश, २०८२

च) आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम र

छ) अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१

## तथ्याङ्क सङ्कलन र गोपनीयता

२.२ तथ्याङ्क ऐन, २०७९ को दफा ५ अनुसार नेपाल सरकारले कुनै विषयमा तथ्याङ्क सङ्कलन गर्न सूचित आदेश जारी गर्न सक्ने र त्यस्तो तथ्याङ्क सङ्कलन गर्न प्रमुख तथ्याङ्क अधिकारीले आवश्यक सङ्ख्यामा अधिकृत तथा कर्मचारी खटाउन सक्ने व्यवस्था रहेको छ। साथै, तथ्याङ्क सङ्कलन गर्न आउने कर्मचारीलाई तथ्याङ्क उपलब्ध गराउनु सबैको कर्तव्य हुने कुरा उल्लेख भएको छ।

२.३ यस ऐनको दफा १० अनुसार सङ्कलित तथ्याङ्क "तथ्याङ्क उपलब्ध गराउने व्यक्ति वा निजद्वारा अधिकार प्राप्त प्रतिनिधिको लिखित स्वीकृति विना सम्बन्धित अधिकारप्राप्त अधिकारी बाहेक अरू कसैलाई देखाउने, प्रकाशन गर्ने वा अन्य कुनै निकायमा प्रमाणको रूपमा पेश नगरिने" प्रावधान रहेको छ। यसले उत्तरदाताको गोपनीयतासम्बन्धी अधिकारलाई सुनिश्चित गरेको छ।

## स्थानीय तह समन्वय तथा सहजीकरण समिति

३.१२ स्थानीय तहले आफ्नै स्रोतबाट खर्च व्यहोर्ने गरी गाउँपालिका/नगरपालिकाभित्र गणना कार्यलाई सहयोग र सहजीकरण गर्नका साथै आफ्नो क्षेत्रभित्र आर्थिक क्रियाकलाप सञ्चालन गर्ने व्यवसाय तथा प्रतिष्ठानको पूर्ण गणना भएको प्रत्याभूत गर्न सम्बन्धित स्थानीय तहका अध्यक्ष/प्रमुखको संयोजकत्वमा "स्थानीय आर्थिक गणना समन्वय समिति" र वडा अध्यक्षको संयोजकत्वमा "आर्थिक गणना वडा सहजीकरण समिति" गठन गर्न सक्नेछ।

३.१३ उल्लिखित स्थानीय आर्थिक गणना समन्वय समिति र आर्थिक गणना वडा सहजीकरण समितिलाई आवश्यक पर्ने प्राविधिक सहयोग जिल्ला आर्थिक गणना कार्यालयले गर्नुपर्दछ।

३.१४ प्राविधिक सहयोग अन्तर्गत राष्ट्रिय आर्थिक गणना, २०८२ को अवधारणा, परिभाषा, उद्देश्य, आवश्यकता,

CamScanner

महत्त्व, उपयोगिता र आर्थिक गणनामा सङ्कलन गरिने विवरणहरूको बारेमा जानकारी गराउने कार्यहरू पर्दछन्।

३.१५ जिल्ला आर्थिक गणना कार्यालयले कार्यक्षेत्रमा रहेका स्थानीय तहहरूमा समन्वय समिति गठनको लागि आवश्यक पहल गर्ने र सो सम्बन्धमा समितिको कार्यप्रगतिको बारेमा नियमित रूपमा सम्बन्धित सुपरिवेक्षकमार्फत जानकारी लिनुपर्नेछ।

३.१६ स्थानीय आर्थिक गणना समन्वय समिति/आर्थिक गणना वडा सहजीकरण समितिको संरचनाको नमुना देहायअनुसार बनाउन सकिनेछ।

क) स्थानीय आर्थिक गणना समन्वय समितिको संरचना

| | |
|---|---|
| ➢ स्थानीय तहको प्रमुख/अध्यक्ष | संयोजक |
| ➢ स्थानीय तहको नगर उप-प्रमुख/उपाध्यक्ष | सदस्य |
| ➢ वाणिज्य, व्यापार सङ्घ संस्थाका प्रतिनिधि (३ जना) | सदस्य |
| ➢ सुरक्षा प्रतिनिधि | सदस्य |
| ➢ प्रशासकीय अधिकृत वा संयोजकले तोकेको व्यक्ति | सदस्य सचिव |

ख) आर्थिक गणना वडा सहजीकरण समितिको संरचना

| | |
|---|---|
| ➢ वडा अध्यक्ष | संयोजक |
| ➢ वडा सदस्य (१ जना) | सदस्य |
| ➢ वाणिज्य, व्यापार सङ्घ संस्थाका प्रतिनिधि (३ जना) | सदस्य |
| ➢ सुरक्षा प्रतिनिधि | सदस्य |
| ➢ वडा सचिव | सदस्य सचिव |

३.१७ उल्लिखित दुवै समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

क) राष्ट्रिय आर्थिक गणनाको बारेमा जनचेतना तथा प्रचारप्रसार गर्ने,

ख) स्थलगत तथ्याङ्क सङ्कलनमा समन्वय तथा सहजीकरण गर्ने,

ग) सुरक्षा र विश्वासको वातावरण सिर्जना गर्ने,

घ) स्थलगत तथ्याङ्क सङ्कलन कार्यको अनुगमन गर्नुका साथै प्रतिष्ठान/व्यवसायको पूर्ण गणना भएको सुनिश्चित गर्ने र

ङ) स्थलगत तथ्याङ्क सङ्कलनमा आइपरेका समस्याको समाधान गर्ने।

३.१८ समितिको संरचनामा हेरफेर र बैठक सञ्चालनसम्बन्धी कार्यविधि समिति आफैले तयार गर्न सक्नेछ।

CamScanner